आज मिति २०८३।०४।२० गते बुधबारका दिन विहानको ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ को प्रथम बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम बहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | ~~प्रकाश राई~~ प्रताप गुरेल | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सलस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८३ साल साउन २० गते बुधबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ को प्रथम बैठकको निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०३।३१ गते बसेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकको निर्णय कायान्वयन भएको पाइयो ।</td></tr>
<tr><td>२</td><td>लिखु गाउँपालिकाको लागि आ.व. २०८३/८४ को निर्माण सामाग्री र ज्याला दररेट निर्धारण गर्न गठन भएको समितिबाट सिफारिस भए बमोजिम निर्माण सामाग्री र ज्याला दररेट स्वीकृत गर्ने ।</td></tr>
<tr><td>३</td><td>लिखु गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा सन्चालित कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा बैठक यही २०८४ साउन २८ गते आयोजना गर्ने ।</td></tr>
<tr><td>४</td><td>लिखु गाउँपालिकाको प्रशासनिक भवन निर्माण स्थल (साविक सिंचाइ सव डिभिजन कार्यालयको नाममा दर्ता श्रेस्ता कायम भएको कि.नं. ३६८ को लिखु गाउँपालिकालाई भवन निर्माण प्रयोजनार्थ उपयोग गर्ने अनुमति प्राप्त भएको जग्गा) मा रहेका सिसौका रुखहरु कटान गर्नुपर्ने भएको हुँदा सो सम्बन्धमा मूल्यांकन लगायत आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय, नुवाकोटमा लेखि पठाउने । डिभिजन वन कार्यालयबाट मूल्यांकन भइ आएपछि गाउँपालिकामा उक्त रुखहरु आम्दानी बाँधी चौघडा १० बेडको अस्पताल भवन र गाउँपालिकाको भवनमा फर्निचरको लागि उपयोग गर्ने ।</td></tr>
<tr><td>५</td><td>लिखु गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुले स्वास्थ्य क्षेत्रको प्रयोजनार्थ घरधुरी सर्मेक्षण गरी लिइएका तथ्यांक अनुमोदन गर्ने ।</td></tr>
<tr><td>६</td><td>संघीय समपुरक योजना अन्तर्गत देहायका योजनाहरु कार्यान्वयन गर्नको लागि उक्त योजना अन्तर्गत देहाय बमोजिम क्षेत्रहरुमा कार्य हुने गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने ।
<table>
<tr><th>क.सं.</th><th>योजनाको नाम</th><th>कार्यसन्चालन हुने क्षेत्र</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>चामबोटे हुँदै गलगले सिम सडक स्तरोन्नति, लिखु ३</td><td>स्वास्थ्य चौकी जाने चोकलाई चेनेज ०+००० कायम गर्ने ।</td><td></td></tr>
<tr><td>२</td><td>पाठकटोल, पन्थमोड, धोक्रे सालघारी, पर्साभन्ज्याङ मोटरबाटो, लिखु ६</td><td>पाठकटोल ० पोइन्टबाट २०० मीटर वाल र ढल हाली बाँकी रहेको रकमबाट छहरे पर्साभन्ज्याङसम्म कालोपत्रे र ढलान गर्ने</td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td>क) लिखु ४ चौघडामा रहेको महिला भवन र चक्लाबन्दी भवन भाडामा लगाउनुपर्ने भएको र हरियो मल्टिप्रपोज प्रा.लि., लिखु ४ चौघडाले उक्त भवनहरु भडामा लिन इच्छुक भई निवेदन दिएको हुँदा उक्त दुबै भवनहरुको मासिक रु २५,०००।०० (पच्चीस हजार) भाडा कायम गरी संझौता गर्ने ।<br>ख) मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं. ९ निवासी सिर्जन लामिछानेको नाममा रहेको लिखु गाउँपालिका वडा नं ४ स्थायी ठेगाना भई सन्चालनमा रहेको (घ) वर्गको निर्माण व्यवसायी इजाजत फर्म श्री दुर्गालक्ष्मी निर्माण सेवा, लिखु ४ लाई सर्जक कन्स्ट्रक्सन प्रा.लि., लिखु ४ हुने गरी नाम परिवर्तन गर्ने ।<br>ग) आ.व. २०८३/२०८४ मा नदीजन्य पदार्थहरुको ठेक्का संझौता नहुन्जेलसम्मको लागि कार्यालयका कर्मचारीहरुलाई कर संकलनको लागि खटाइएकोमा निजहरुको दैनिक रु ५००।०० का दरले रकम भुक्तानी दिने ।</td></tr>
</table>